कञ्चनरुप नगरपालिका
२०७३

१२/२२
प्रमुख प्रशासकीय अधिकृत

# कञ्चनरुप नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कंचनपुर, सप्तरी, प्रदेश नं. २, नेपाल

## ट्याक्टर र ट्रिपर खरिद सम्बन्धी बोलपत्र सूचना

प्रथम पटक प्रकाशित मिति: २०७४/१२/२२ गते

यस नगर कार्यपालिकाको आ.व. ०७४/०७५ को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलको हाईड्रोलिक ट्याक्टर, (कल्टिभेटर, रोटाभेटर, लेभलर समेत गरी २ थान र पानी ट्यांक ट्रेलर सेट १ थान कम्तीमा २५०० लिटर) र ट्रिपर (हाईड्रोलिक, कम्तीमा ७/५ घन मी. क्षमता र ईन्जिन पावर आउटपुट १२५ के.भी. भएको) १ थान खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त अधिकृत बिक्रेता तथा फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्रको माध्यमबाट बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि ३० औं दिनको कार्यालय समयभित्र तपसिल बमोजिमको राजश्व दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट बोलपत्र कागजात प्राप्त गर्न सकिने छ।

२. शिलबन्दी बोलपत्र साथ कञ्चनरुप नगर कार्यपालिका कार्यालयको नाममा कृषि विकास बैंक कंचनपुर, सप्तरी शाखामा रहेका धरौटी खाता न. ११०३६००६४८४३२१०२ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्रिय बैंक "क" वर्गको मान्यता प्राप्त बैंक बाट कञ्चनरुप नगर कार्यपालिकाको कार्यालय कंचनपुर, सप्तरीको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्बर अनिवार्य रुपमा उल्लेख भएको बोलपत्र जमानत पत्र (बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन सम्म म्याद भएको) पेश गर्नु पर्नेछ।

३. शिलबन्दी बोलपत्र फाराममा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ। सोही दिन दिनको २:०० बजे शिलबन्दी खोलिनेछ।

४. दरभाउपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने र खोल्ने दिन बिदा परेमा सो कार्य सो को भोलिपल्ट सोही समयमा हुनेछ।

५. सवारी साधन कार्यालयको स्विकृत टेक्निकल स्पेशिफिकेशन बमोजिमको हुनु पर्नेछ। सवारी साधनको टेक्निकल स्पेशिफिकेशन सहितको सक्कल क्याटलक बोलपत्र साथ समावेश गरी Servicing, Warranty आदि सम्बन्धमा समेत खुलाउनु पर्नेछ।

६. यस कार्यालयबाट प्राप्त गरेको बोलपत्र फाराममा उल्लेखित सवारी साधनको प्रति इकाइ अंक र अक्षर दुवैमा स्पष्ट खुलाउनु पर्नेछ। अंक र अक्षरमा फरक दर भएको पाईएमा अक्षरमा उल्लेखित दरलाई मान्यता दिईनेछ।

७. म्याद नाघी आएको वा रित नपुगेको वा विभिन्न शर्त उल्लेख गरिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

८. एक व्यक्ति वा फर्मको नाममा खरीद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन

९. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित स्थानीय तह कानून बमोजिम हुनेछ।

**तपसिल**

| सि.न. | ठेक्का नं. | विवरण | धरौटी रकम रु. | फाराम दस्तुर रु. |
|---|---|---|---|---|
| १. | KMR/SPT/NCB-05/074/075 | Tractor with Hydraulic Trailer, cultivator, Rotavator, levelar (तीन सिलिण्डर, ४२ एचपि भन्दा बढी) २ (दुई) थान सेटमा र वाटर ट्यांक ट्रेलर १ थान कम्तीमा २५०० लिटर क्षमता भएको) | १००,०००।०० | ३०००।०० |
| २. | KMR/SPT/NCB-06/074/075 | ट्रिपर हाईड्रोलिक (कम्तीमा ७/५ घन मी क्षमता र ईन्जिन पावर आउटपुट १२५ के.भी भएको) १ थान | १००,०००।०० | ३०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**